# विश्वकर्मा: एक संक्षिप्त अध्ययन

हरिराम जोशी

हिन्दु देवमालाका सुप्रसिद्ध देवताहरू मध्ये विश्वकर्मा पनि एक रहेको छ। यिनी केवल पुराणकालीन देवता मात्र नभई ऋग्वेदकालीन देवता भएको कुरा ऋग्वेदिक ऋचाहरुको अध्ययनबाट जानिन्छ। ऋग्वेद १०।८१।१–४ ऋचामा पृथ्वीका सृष्टिकर्ताको रूपमा विश्वकर्मालाई लिनुको साथै तिनको आकृति बारे वर्णन गरिएकोछ। (१) त्यसमा विश्वकर्मालाई चारैतिर आंखा, मुख, बाहु औ पैर भएको भनी उल्लेख गर्दै आफ्ना हात खुट्टाले पृथ्वीलाई सृष्टि गर्ने रूपमा चित्रित गरिएकोछ। ऋग्वेद ७।३५ ऋचामा तत्समयका देवताहरुको नामक्रममा त्वष्टाको उल्लेख आएको छ। (२) अमरकोष अनुसार त्वष्टा विश्वकर्माको अर्को नाम रहेको छ। हिन्दु अनुश्रुति अनुसार त्वष्टाकी छोरी संज्ञाको विवाह सुर्यसित भएको थियो। तर, संज्ञाले सूर्यको तापलाई सहन गर्न नसकेको हुंदा त्वष्टाले सुर्यको तापलाई केही टाँसेर त्यसबाट विष्णु, महादेव आदि देवताहरूको लागि चक्र, त्रिशुल आदि हथियारहरु निर्माण गरिदिए। मार्कण्डेयले यस कुरातिर इंगित गरेकोछ (३)। यस कुराको संकेत महाकवि कालिदास विरचित "रघुवंश" महाकाव्यमा पनि गरिएकोछ (४) विश्वकर्माका उपर्युक्त स्वरुप तथा कार्यले तिनी अपरिमित शक्ति सम्पन्न भई ब्रम्ह स्वरुप भएको कुरा सूचित गर्दछ। यिनी विश्वाधार परब्रम्ह भएको कुरा बशिष्ट पुराणबाट जानिन्छ। "विश्वकर्मा परब्रम्ह जगदा धार मुलक:" भनी उक्त पुराणमा यिनको महत्वको वर्णन गरिएकोछ।

उपर्युक्त ऋग्वैदिक ऋचाबाट विश्वकर्मा सृष्टिको देवता भएको कुरा मानिन्छ। यिनले द्यौ एवं पृथ्वीको सृष्टि गरेका थिए। यहीनै कारण छ यिनलाई निर्माणका देवता औ शिल्पकलाका आदि प्रवर्तकको रुपमा लिइन्छ। मत्स्य पुराणले यिनलाई वास्तु शास्त्रका अष्टादश उपदेशकहरु मध्ये एक मानेकोछ। यिनले श्रम औ नियमनको प्रवर्तन गरी संसारलाई नूतन रुप दिएका थिए। विश्वकर्मा नाम मैं यो अर्थ प्रकटित हुन्छ कि सम्यक सृष्टि कर्म व्यापार जस्कोछ त्यो नै विश्वकर्मा हो (५)। यजुर्वेदको रुद्राष्टाध्यायीमा भगवान विश्वकर्मालाई "तक्षा" "औ वर्मार" भनी संवोधन गरिएकोछ (६)। विश्वकर्माका यिनै गुणहरुको कारण प्राचीन मनीषिहरुले यिनलाई जगन्नियन्ता विराट, विष्णु, शिव, त्वष्टा, तक्षा, नारायण, विश्वरुप, कश्यप, वाचस्पति, प्रजापति, हिरण्यगर्भ, जगद्गुरु, शिल्पाचार्य आदि नामले आदर प्रकट गरेका छन। वेदमा "विश्वतश्चक्षुरुत विश्वतोमुखा विश्वतोवाहुरुत विश्वतस्यात" भनी यिनको सर्वव्यापकता, सर्बज्ञता, शक्ति सम्पन्नता औ अनन्तता देखाइएकोछ। यजुर्वेदिक ऋचामा यिनलाई सर्वज्ञ, जगतउत्पादक, विमना विविध विज्ञानयुक्त सर्वव्यापक, गगनवत विकारहीन अक्षोभ्य, सर्वाधिकरण सम्यक संसारका धाता, सर्वोत्कृष्ट औ सम्पुर्ण प्राणीका पाप तथा पुन्यलाई देख्ने भनी वर्णन गरिएकोछ (७) ॐ प्रजापतिर्विश्वकर्मा मनोगन्धर्व: सूर्य इन्द्र ब्रम्ह क्षत्रं पातु तस्मै स्वाहा वा।। भन्दै हाम्रा मनीषिहरुले विश्वकर्मालाई प्रजापति, सर्वकर्म प्रेरक औ पृथ्वीलाई धारण गर्नेको रुपमा वर्णन गरेका छन। ऋग्वेदमा यिनलाई लोक कल्याणकारीको रुपमा चित्रित गरिएकोछ (८)। अथर्ववेद अनुसार तिनी रक्षक सदभावहरुको जनक रहेकोछ (९)। सामवेद द्यौ एवं पृथ्वीका समस्त प्राणीहरुमाथि अनुग्रहको लागी तिनी सित प्रार्थना गरेकोछ (१०)। श्वेताश्वतरोपनिषदमा विश्वकर्माको सार्वभौमिकताको सुन्दर वर्णन पाइन्छ।

यी सबै आधारहरूबाट विश्वकर्मा एक महाप्रसिद्ध देवता भएको निर्णित हुन्छ ।

ऋग्वेदिक कालको वाद ब्रम्हा, विष्णु औ महादेवलाई सृष्टि, स्थिति औ क्षयका देवताको रुपमा मान्दै यिनीहरुको एकात्म्य रुप त्रिमुर्तिको कल्पना हाम्रा मनोषिहरुले गरेका थिए । सृष्टिकर्ता ब्रम्हा चतुर्मुखी रहेको छ, जसले ऋग्वेदमा वर्णित सृष्टिकर्ता विश्वकर्माको स्वरुपसित तादात्म्य राख्तछ । विश्वकर्माका विभिन्न नामहरुमध्ये धाता, प्रजापति आदि पनि भएको कुरा उपर्युक्त वर्णनहरुबाट जानिएका छन जुन अमरकोष अनुसार ब्रम्हाका विभिन्न नामहरु मध्येका छन । यीनै विशेषतया आधारहरु छन जसको कारण यिनलाई ब्रम्हाका दोश्रो शरीरको रुपमा स्कन्दपुराणले उल्लेख गरेका थिए (१२) । सृष्टिका दुई रुप छन आध्यात्मिक तथा भौतिक । ब्रह्मा आध्यात्मिक सृष्टिका जनक छन भने विश्वकर्मा भौतिक सृष्टिका । यस कुरोलाई तिनीहरुका प्रहरणहरुको अध्ययनबाट स्पष्टत: अनुमान गर्न सकिन्छ । आध्यात्मिक सृष्टिका कर्ता ब्रह्मा पुस्तक, कमण्डलु अक्षमाला, स्रुक स्रुव, आज्य स्थालि तथा कुर्च आदि प्रहरणहरुले युक्त भई अभय एवं वरद मुद्रा लिएका हुन्छन भने विश्वकर्मा मुद्गल तथा ज्यावललाई आफना प्रहरण स्वरुप हातमा लिने हुन्छन । यद्यपि विश्वकर्माका मुर्ति यहाँ नगण्यमात्र छन तापनि सर्वथा अभावनै छन भन्न मिलेन । क्रिष्टाब्दको द्वितीय शताव्दीका कुषाण सम्राट हुविष्कको एक प्रकारको मुद्रामा उत्कर्ण विश्वकर्माले मुद्गल तथा चिमटा समातेको देखाइएकोछ (१३) । मध्यकालिन नेपालका दुई सुप्रसिध्द मन्दिरहरु तथा पशुपति क्षेत्र स्थित पशुपतिनाथको तथा पुर्व १ नं. पुण्यवता स्थित इन्द्रेश्वर महादेवका मन्दिरका टुनालहरूमा उपर्युक्त प्रहरणहरुले सम्पन्न विश्वकर्माका आकृतिहरु कुँदिएका छन । यसको अतिरिक्त विश्वकर्माको पुजा गर्दा ज्यावलहरुमा मात्र पुजा गर्ने चलन पनि यहाँ देखिएका छन । यिनका उपर्युक्त ज्यावलहरू भौतिक सृष्टिको लागि आवश्यक मानिन्छ । यिनले अमरावती, अल्कापुरी , पार्वतीको विवाह मण्डप, इन्द्रप्रस्थ, वृन्दावन तथा लंका निर्माण गरेका कुरा वर्णित छन । यसको साथै यिनले सुर्यलाई टांसेर तिनका तेजाँशबाट देवताहरुको लागि अनेक आयुधहरुको निर्माण गरेका थिए । त्रिपुरासुरको वधको लागि विश्वकर्माले एक दिब्य रथको निर्माण गरेका थिए भने इन्द्रलाई दधीचीको अस्थि वनाई अर्पण गरेका थिए । वालिमकी रामायण अनुसार यिनले ब्रह्माको लागि पुष्पक विमान निर्माण गरेका थिए । महर्षि व्यास रचित महाभारतमा विश्वकर्माबाट निर्मित एक भव्य सभामण्डपको वर्णन पाइन्छ । यसकै कारण पनि महाभारत घटित हुन गएको थियो । महाभारत आदि पर्वमा विश्वकर्माले पाण्डवहरुको लागि ईन्द्रप्रस्थनामक एक नगर पनि निर्माण गरेको कुरा वर्णित छ । पद्म पुराणको भूखण्डमा स्वर्ग, पृथ्वी, पातालमा जति पनि शिल्प प्रत्यक्ष छन तिनीहरुका प्रवर्तक विश्वकर्मालाई नमस्कार गरिएकोछ (१४) । यी उदाहरणहरु उपर्युक्त तर्कको पुष्टिको लागि सहायक स्वरुप छन । यसरी ब्रम्हाका हातमा रहेका प्रहरणहरुले आध्यात्मिक सृष्टितिर इंगित गर्दछन भने विश्वकर्माका प्रहरणहरुले भौतिक सृष्टितिर । यसमा दुई मत होवैन ।

विश्बकर्माको अध्ययनमा ऋग्वैदिक अद्धैत दर्शनको झल्को पनि पाइन्छ । स्त्री पुरुष सबै देवताहरु एउटै देवतासित तादात्म्य राख्ने भएर सतनै अव्दैत ब्रम्हा मानिन्छ । वैदिक दर्शन एवं धर्मको निचोड यहिनै छ (१५) । विश्वकर्मा, बिष्णु, ब्रम्हा , सूर्य आदि नामले विख्यात हुनुको साथै सरस्वती नामले पनि पूजित छन । पद्म पुराण विष्णु र विश्वकर्मामा कुनै अन्तर देख्तैन (१६) । स्कन्दपुराण विश्वकर्मा लाई ब्रम्हाको दोश्रो शरीरको रुपमा स्वीकार्छ (१७) । विश्वमेदिनी कोषमा यिनलाई सहस्र रश्मिहरुबाट सवलित सविताको रुपमा वर्णित छ (१८) । स्कन्दपुराणको नागरखण्डमा यिनीलाई विद्याकी देवी सरस्वतीको अवतारको रुपमा पनि वर्णन गरिएकोछ (१९) । ने० सं० ८५१ को ललितपुर स्थित मंन्जुश्री मन्दिरको अभिलेखमा मन्जुनाथ, सरस्वती तथा विश्वकर्मा तीनैलाई एउटै परब्रम्हको रुपमा दर्शाइएकोछ । यी विभिन्न वर्णनहरुमा यिनी अब्दैत ब्रम्ह रुप मानिनु उपयुक्त नै लाग्दछ । अनि तीब्रम्हस्वरुप भगवान प्राणीमात्रको वन्दनीय रहेर तिनी

परब्रह्को रुपमा पूजित छ ।

उपर्युक्त विभिन्न साहित्यिक सामग्रीहरुको अतिरिक्त पुरातात्विक आधारमा पनि यो देवताको प्राचीन पुजा परम्पराको पत्तो हुन्छ । कुषाण सम्राट हुविष्कको एक प्रकारको मुद्रामा दायां हातमा मुद्गल औ बायाँ हातमा चिमटा लिएका देवताको आकृति उत्कीर्ण छ, जुन विश्वकर्माको आकृति भएको स्पष्ट छ (२०) । यस मुद्राको प्राप्तिबाट बिश्वकर्माका प्रहरण त्रिषय विदित हुनुको साथै विश्वकर्माको सर्वप्राचीन स्वरुपको निदर्शन हुन्छ । ललितपुर ज्याठा टोलको नेपाल संम्वत ७६४ को एक अभिलेखमा विश्वकर्माको प्रासाद जिर्णोद्धार गरिएको कुरा वर्णित छ (२१) अनुमानित १७ औ ,१८ औं शताव्दी देखी विश्वकर्मा देवस्थलको रुपमा प्रख्यात एक भवन ललितपुर हौंगलस्थित ईखा गल्लोमा छ । एक भिन्नै देव मन्दिरको रुपमा नभएता पनि घरको ढोकामा दुबै तिर व्दार रक्षकको रुपमा तामाका दुइटा सिंहहरु प्रतिष्ठापित यो भवन विश्वकर्माको देवस्थलको रुपमा विख्यात छ । विश्वकर्माका आकृ-हरु मध्यकालिन नेपालका सुप्रसिद्ध देवमन्दिरहरूका टुनालहरुमा कुंदिएको कुरा माथि वर्णन भइसकेका छन । यी विभिन्न आधारहरुबाट विश्वकर्मा नेपालमा पूजित विभिन्न देवताहरु मध्ये एक भएको कुरा स्वत: सिद्ध छ ।

उपर्युक्त विभिन्न आधारहरुबाट विश्वकर्मा सृष्टिको प्रारम्भिक समय देखिनै एक प्रसिध्द देवताको रुपमा मानिंदै आएको कुरा जानिन्छ । तर, ऋग्वेदिक कालपछि सृष्टिका देबताको रुपमा ब्रम्हाको प्रादुर्भाव पछि यो देवताको स्थान खस्किन लागेको थियो, जस्तो लक्ष्मीको प्रादुर्भाव पछि धनाधिपति वैश्रवणको महत्व घट्न गएको थियो । यसरी भन्दैमा विश्वकर्माको उपासना गर्न मानिसहरुले सर्वथा छोडे भन्ने होइन । शिल्पकारहरुको अत्यधिकता भएको यो देशमा यी देवता अद्यापि शिल्पकारहरुबाट ठुलो श्रध्दा भक्तिसाथ पूजित छन । यिनलाई शिल्पका अधिष्टाता देवताको रुपमा स्वीकार्छन ।

## टिप्पणी

१. य इमा विश्वा भुवनानी जुहवदृषिर्होता न्यसीदत् पिता न: । स आशिषा द्रविणमिच्छदवरां आ विवेश । ।१। । किं स्विदासीदधिष्ठानमारम्मणं कतमत् स्वित् कथासीत् । यतो भूमि जनयन् विश्वकर्मा विद्यामो-र्णोन्महिना विश्वचक्षा: । ।२। । विश्वतश्चक्षुरुत विश्वतो-मुखो विश्वतो बाहरुत विश्वतस्यात् । सं वाहुम्यां धमति सं पतत्रैर्द्यावाभूमि जनयन् देव एक: । । ३ । किं स्वदनं क उ स वृक्ष आस यतो द्यावा पृथिवो निष्टतक्षु: । मनोषिणो मनसा पृच्छतेदुतद्यध्यतिष्ठद् भुवनानिधरयन् । ।४। ।

**ऋग्वेद १०।८१**

हेर्नोस – राहुल सांस्कृत्यायन -- ऋग्वेदिक आर्य, १९५७ ई., पृ. ४९४, ४९६

२. हेर्नोस — राहुल सांस्कृत्यायन-ऋग्वेदिक आर्य, १९५७ ई., पृ. ४५४,

विश्वकर्मा त्वनुज्ञात: शाक व्दीपे विवस्वता । तत्तेज: शातनायोपचक्रमे । ।

**मार्कण्डेय**

४ आरोग्य चक्रभ्रममुष्णतेजा: त्वष्ट्रेव यत्नो लिलखितो विभाति । ।३२। ।

रघुवंश, षष्ठ सर्ग

-: मृगरत्रिर्वशिष्ठश्च विश्वकर्मा मयस्तथा । नारदो नग्न बिच्छैव विशालाक्ष: पुरन्दर: । । ब्रम्हा कुमारो नन्दीश: सौनको गर्ग एव च । वासुदेवो विरुध्दश्च तथा शुक्र बृहस्पती अष्टादशैते विख्याता वास्तुशास्त्रो पदेशका: ।– मत्स्य पुराणम, अध्याय २५२ श्लोक २ ४

हेर्नोस– जे. एन. वनर्जी–देवलभमेण्ट अब हिन्दू आइकोनो-ग्राफी, ई. सन १९४१, पृ. १५

५ विश्व किस्त्न कर्म व्यापारो वा यस्य स: । ।

६. "नमस्तक्ष व्यूयोम्य कारब्भ्यश्चवो नमोनमः ।
कुलालेब्भ्रयः कर्माः रब्भ्रयश्चवो नमोनमो ।"

**–रूद्राष्टाध्यायी**

७. "विश्वकर्मा विमना आव्दिहाया धाता विधाता परमात् सन्टृक । तेषा मिष्टानि समिषा मिन्दन्ति यत्र सप्तऋषीन् पर एकमाहुः ।"

**–यजुर्वेद, अ. १७, मं. २६**

८. "ॐ वाचस्पति विश्वकर्माण मृतय मनोजुवंवाजे अथा हुवेम ।
स ना विश्वानि हवनानि जोषव्दिश्च शम्भूरवसे साधुकर्मा।

**–ऋ ८–३–१८–७**

९. "ओम् सा विश्वाटः सा विश्वकर्मा । सा विश्वधायाः ईन्द्रस्य त्वा भाग सोमेनातनक्ष्मि । विश्णो हव्यं रक्ष।"

**–अथर्वेद**

१०. विश्वकर्मन्हविषा वावृधानः स्त्रय यज स्वतन्मन स्वहिते मुद्रयत्वन्त्ये अमित बना सहास्मांक मघबा सृरिरस्तु ।

**सामवेद**

११. एष देवो विश्वकर्मा महात्मा सदा जनानां हृदये सन्निविष्टः । हृदा मनीषी मनसाऽभिकॢप्तो एत व्दिदुरमृतास्ते भवन्ति ॥

**–श्वेताश्वतरोपनिषद् ४–१७**

हेर्नोस –सि. राजगोपालाचारि –उपनिषदस, भारतीय विद्या भवन, ई. सन् १९६३, पृ. ३९

१२· " विश्वकर्माऽभवत्पूर्वं ब्रम्हणस्त्व पुरातनुः"

**–स्कन्दपुराण**

१३. हेर्नोस् बि. सि. सरकार-सेलेक्ट इन्शिक्रप्सन्स, १९३५ ई. पृ. १६०

वासुदेवस्तु तच्छ्रुत्वा विश्वकर्माणमुचिवान् कुरुष्व राजराजस्य महेन्द्रपुरसन्निभयम । इन्द्रेणकृतनामानं इन्द्रप्रस्थं महापुरम् ॥ महाभारत, आदिपर्व २२७, ५६–५७

हेर्नोस –जे. एच. देभ–इम्मोर्टल इन्डिया, भोलर, पृ.१८९

१४ "दिवि भव्यर्तरिक्षे वा पाताले वापि सर्वज्ञः यत्किचि– च्छिल्पिनां शिल्पं तत्प्रवर्तक ते नमः"

**पद्मपुराण, भूखण्ड**

१५. "त्वम् अग्ने अदितिर् देव दाशुषे त्वं होत्रा भारती वर्धसे गिरा ।
त्वम इला शतहिमासि दक्षसे त्वं वृत्रहा वमुपते सरस्वति ॥

**–ऋ. २।१।११**

इन्द्रं मित्रं वरुणम् अग्निम् आहुर्.........एकं सद् विप्रा वहुधा वदन्ति"

**–ऋ. १।१६४।४६**

हेर्नोस– हरिराम जोशी–नेपालको प्राचीन अभिलेख, २०३० विक्रमाव्द, पृ. १३७

१६. "विष्णुश्च विश्वकर्मा च न भिद्यते परस्परम्"

**पद्मपुराण**

१७. हेर्नोस – उपर्युक्त नं.१२

१८. "विश्वकर्मा सहस्रांशौ मुनिभिदेव शिल्पिनोः।"

**विश्वमेदिनीकोष**

"१९. विष्टी सर्वज्ञ रुपोऽय त्वष्ट्र रुपा सरस्वती।"


**स्कन्द पुराण नागरखण्ड**

हेर्नोस–हेमराज शाक्य-मेडिएवल नेपाल, १९७० ई., पृ.२१६

२०. हेर्नोस–बि. सि. सरकार–सेलेक्ट इन्स्क्रिप्सन्स, १९६५ ई. पृ. १६०

२१. हेर्नोस–हेमराज शाक्य–मेडिएवल नेपाल, १९७०ई, पृ.११६

फलक ३



चित्र १